बैठक संख्या : १४९/२

आज मिति २०८३/०५/०३ गते सोमबार दिनको २:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपसिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपसिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उप प्रमुख | |
| ३ | श्री मणी बहादुर पुलामी मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री चन्द्र बहादुर राई | कार्यवाहक वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री विक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री संजय बहादुर राजलबट | सचिव | |

प्रस्तावहरू

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत प्रमाणीकरण सम्बन्धमा ।

३. सूचीकरण सम्बन्धमा ।

४. तह वृद्धि सम्बन्धमा ।

५. बेलवारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को संशोधन सम्बन्धमा ।

६. बोलपत्र आव्हान अनुमोदन तथा स्वीकृति सम्बन्धमा ।

७. विविध

क. नगर खेलकुद विकास समिति गठन सम्बन्धमा।

ख. पूर्व स्वीकृति सम्बन्धमा ।

ग. संस्था दर्ता सम्वन्धमा ।

घ. संस्था खारेजी सम्बन्धमा ।

डिलप्रसाद राई
नगर प्रमुख

निनु थापा
नगर उपप्रमुख

निर्णयहरू

**निर्णय नं. १.** मिति २०८३/०४/१८ गते बसेको १४८औं कार्यपालिका बैठकले गरेका निर्णयहरूको समीक्षा गर्दा देहाय बमोजिम निर्णय कार्यान्वयनको अवस्था रहेको पाइयो ।

देहाय

| क.स. | निर्णय नं. | प्रस्ताव | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | १ | करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा । | भएको | |
| २ | २ | तह वृद्धि सिफारिस समिति गठन सम्बन्धमा । | भएको | |
| ३ | ३ | योजना छनौट सम्बन्धमा । | भएको | |
| ४ | ४ | वार्षिक समीक्षा सम्बन्धमा । | भएको | |
| ५ | ५ | विषयगत समितिको पुनर्गठन गठन सम्बन्धमा । | भएको | |
| ६ | ६ | मर्मत सम्बन्धमा । | प्रकृयामा रहेको | |
| ७ | ७ | अमना सिसौली पर्यटकीय क्षेत्र विस्तृत परियोजना प्रस्ताव संशोधन सम्बन्धमा। | भएको | |
| ७ | विविध | | | |
| | क | निर्णय अनुमोदन सम्बन्धमा । | भएको | |
| | ख | कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा । | भएको | |
| | ग | बिदा सम्बन्धमा । | भएको | |
| | घ | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा । | प्रकियामा रहेको | |
| | ङ | आर्थिक सहायता सम्बन्धमा । | प्रकियामा रहेको | |
| | च | LGPAS सम्बन्धमा । | भएको | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत प्रमाणीकरण सम्बन्धमा । | **क. प्रमाणीकरण सम्बन्धमाः**<br>जिल्ला भूमि समस्या समाधान समितिको च.नं. १० को मिति २०८३/०४/१५ गतेको पत्रानुसार बेलबारी नगरपालिका १० नं वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समितिबाट निर्णय सहित प्रमाणित भई आएका भूमिहीन दलित श्री राजेन्द्र परियारले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्यभित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्री वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित/भूमिहीन सकुम्बासी दावी गरी कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन वडा नं १० कार्यालय मार्फत प्रमाणीकरण भई सिफारिस आएकोले बेलबारी नगरपालिका नगरस्तरीय भूमि समस्या सहजीकरण समितिको मिति २०८३/०५/०३ को बैठकबाट बेलबारी न.पा. १० नं वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समितिबाट प्रमाणिकरण भई आए अनुसार नै निजलाई भूमिहीन दलित हो भनी प्रमाणीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>**ख. वडा नं २ को लगत प्रमाणीकरण सम्बन्धमाः**<br>अ. बेलवारी नगरपालिका २ नं वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समितिबाट मिति २०८३/०४/२७ गतेको पत्रमा निर्णय सहित प्रमाणित भई आएका निवेदकहरूद्वारा स्वघोषित भूमिहीन **दलित ४७** जना , भूमिहीन **सुकुम्बासी २१३** जना र **अव्यवस्थित बसोवासी ३७९** जना हो भनी वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समितिबाट प्रमाणीकरण भई आए अनुसार नै बेलबारी नगरस्तरीय भूमि समस्या सहजीकरण समितिको मिति २०८३/०५/०३ को बैठकबाट सर्वसम्मत रुपमा प्रमाणित भई आए अनुसार प्रमाणीकरण गर्ने सर्वसम्मत निर्णय गरियो। |

बिदु थापा
नगर उपप्रमुख

नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | [illegible] वडा नं २ को सिंहदेवी टोल विकास संस्था अन्तर्गत रहेको पहिले नापजाच सम्पन्न भएको हरैचा ९/ज को कित्ता नं ५८,५४२ १६९ मा बसोबास रहेको ११२ घरधुरी रहेकोमा ९७ घरधुरीको मिति २०८३/०५/०३ गतेको बेलबारी नगरस्तरीय भूमि समस्या सहजीकरण समितिको बैठकबाट भूमिहीन दलित २ जना, भूमिहीन सुकुम्बासी ३५ जना, र अव्यवस्थित बसोबासी ५९ जनाको २ नं वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८३/०४/२७ गतेको पत्रमा प्रमाणित भई आए अनुसार नै प्रमाणीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>**ग. क्षेत्र निर्धारण सम्बन्धमाः**<br>बेलबारी नगरपालिका अन्तर्गत सबै वडाको तहगत क्षेत्र निर्धारणका लागि बेलबारी नगरपालिकाले जारी गरेको **भू-उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७९** अनुसार नै सबै वडामा लागु हुने सर्वसम्मत रुपमा निर्णय गरियो<br>**घ. कार्ययोजना सम्बन्धमाः**<br>जिल्ला भूमि समस्या समाधान समिति मोरङबाट प्राप्त कार्ययोजनालाई स्वीकृत गरी सोही कार्ययोजनानुसार सम्भव भए सम्म कार्य गर्ने निर्णय सर्वसम्मत गरियो । |
| ३ | सूचीकरण सम्बन्धमा । | क. मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ नियम १४ बमोजिम बेलबारी नगर अस्पताल र अस्पतालमा कार्यरत अ.न.मी सिता अधिकारी तथा बाहुनी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत सि.अ.न.मी कल्पना खनाललाई सूचीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>ख. सर्पदंश उपचार केन्द्र स्थापना सम्बन्धी मापदण्ड, २०७७ बमोजिम बेलबारी नगरपालिकामा सञ्चालन रहेको सर्पदंशी उपचार केन्द्रलाई बेलबारी नगरपालिकाको स्वामित्वमा सूचीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४ | तह वृद्धि तथा राय माग सम्बन्धमा । | क. कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) मा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ बर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह बृद्धि गरिनेछ भन्ने व्यवस्था भएको हुँदा यस ऐन बमोजिम मापदण्ड पुरा भएका कर्मचारीहरूको तहवृद्धि सिफारिस समितिबाट सिफारिस भई आएको हुँदा उक्त ऐन को दफा २७ को उपदफा (१) बमोजिम प्राप्त भएका अनुसूची – १ बमोजिमका निबेदक कर्मचारीहरूको एक तहवृद्धि गर्ने निर्णय गरियो ।<br>ख. देहाय बमोजिम निवेदन कर्मचारीहरू हकमा बढुवा समिति, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशमा राय माग गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>अ. बालकृष्ण अधिकारी- जन स्वास्थ्य अधिकृत/ अधिकृतस्तर सातौं<br>आ. नविन कुमार निरौला - जन स्वास्थ्य अधिकृत/ अधिकृतस्तर सातौं<br>इ. यमनाथ घिमिरे - जन स्वास्थ्य अधिकृत/ अधिकृतस्तर सातौं<br>ई. संतोष विश्वकर्मा, जनस्वास्थ्य निरीक्षक, अधिकृतस्तर छैटौं<br>उ. लाल बहादुर महत - सहायकस्तर पाँचौ<br>ऊ. अनु राई - सि.अ.हे.ब.सहायक पाँचौ तह |
| ५ | बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन, २०८३ सम्बन्धमा । | विधायन समितिबाट पेश भएको अनुसूची-२ बमोजिमको बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन, २०८३ लाई स्वीकृति गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ६ | बोलपत्र आव्हान अनुमोदन तथा स्वीकृति सम्बन्धमा । | बेलबारी नगरपालिकाका अनुसुची-३ बमोजिमका योजनहरूको खरिद कार्य अगाडी बढाउने तथा थप स्रोत अनुमोदन तथा स्वीकृति गर्ने सर्वसम्मत निर्णय गरियो। |

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>७</td><td>विविध</td><td></td></tr>
<tr><td>क</td><td>नगर खेलकुद विकास समिति गठन सम्बन्धमा।</td><td>बेलबारी नगरपालिकाको खेलकुदको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को पहिलो संशोधन, २०७९ को दफा ३ बमोजिम देहाय बमोजिमको नगर खेलकुद विकास समिति रहने गरी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>
<u>देहाय</u>
<table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>पद</th><th>ठेगाना</th><th>खेलकुद विधा</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>संगीता पोखरेल</td><td>उपाध्यक्ष</td><td>बेलबारी – ४</td><td>-</td><td>दफा ३ को उपदफा (२)(ख)</td></tr>
<tr><td>२.</td><td>कोमल श्रेष्ठ</td><td>सदस्य</td><td>बेलबारी – ९</td><td>कबडी</td><td rowspan="8">दफा ३ को उपदफा (२)(च)</td></tr>
<tr><td>३.</td><td>आयुशा लिम्बु</td><td>सदस्य</td><td>बेलबारी – १</td><td>कराते</td></tr>
<tr><td>४.</td><td>पूर्णिमा तामाङ</td><td>सदस्य</td><td>बेलबारी – ३</td><td>भलिबल</td></tr>
<tr><td>५.</td><td>अजित भगत</td><td>सदस्य</td><td>बेलबारी – ३</td><td>क्रिकेट</td></tr>
<tr><td>६.</td><td>राजेन्द्र धिमाल</td><td>सदस्य</td><td>बेलबारी – १०</td><td>ITF</td></tr>
<tr><td>७.</td><td>सुमन श्रेष्ठ</td><td>सदस्य</td><td>बेलबारी – १</td><td>फुटबल</td></tr>
<tr><td>८.</td><td>चेत नारायण राई</td><td>सदस्य</td><td>बेलबारी – ४</td><td>चेस</td></tr>
<tr><td>९.</td><td>विष्णु न्यौपाने</td><td>सदस्य</td><td>बेलबारी – ११</td><td>तेक्वान्दो</td></tr>
<tr><td>१०.</td><td>राम कुमारी नेपाली</td><td>सदस्य</td><td>बेलबारी – ५</td><td>-</td><td rowspan="6">दफा ३ को उपदफा (२)(ङ)</td></tr>
<tr><td>११.</td><td>रिना मगर</td><td>सदस्य</td><td>बेलबारी – ८</td><td>-</td></tr>
<tr><td>१२.</td><td>ओमी राई</td><td>सदस्य</td><td>बेलबारी – ६</td><td>-</td></tr>
<tr><td>१३.</td><td>चतुरलाल चौधरी</td><td>सदस्य</td><td>बेलबारी – ७</td><td>-</td></tr>
<tr><td>१४.</td><td>रोशन कुमार श्रेष्ठ</td><td>सदस्य</td><td>बेलबारी – ११</td><td>-</td></tr>
<tr><td>१५.</td><td>कमल गुरूङ</td><td>सदस्य</td><td>बेलबारी - ११</td><td>-</td></tr>
</table></td></tr>
<tr><td>ख</td><td>पूर्व स्वीकृति सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयअन्तर्गत पशु सेवा शाखामा प्राविधिक सहायक, पाँचौं तह (मत्स्य) पदमा कार्यरत कर्मचारी सन्तोष खत्रीको माग निवेदन अनुसार नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत पशु सेवा विभाग र कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवन बीच सरकारी सेवामा कार्यरत कर्मचारीलाई BSc. Fisheries मा अध्ययन बिदामा अध्ययन गर्न अवसर प्रदान गर्ने सम्बन्धमा भएको समझदारी (MOU) बमोजिम उक्त विश्वविद्यालयको पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय अन्तर्गत सञ्चालन हुने BSc. Fisheries कार्यक्रममा अध्ययन गर्नका लागि मिति २०८३/०५/२० गते सञ्चालन हुने प्रवेश परीक्षामा सहभागी हुन पूर्वस्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>ग</td><td>संस्था दर्ता सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिका नगर कार्यपालिका कार्यालयको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट पेश भएका देहाय बमोजिमका संस्था दर्ता ऐन, २०७६ को दफा ४ तथा दफा ७ को उपदफा २ बमोजिम आवश्यक प्रक्रिया पुरा गरेको भनी पेश भएको हुँदा उक्त संस्था दर्ता गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>
<u>देहाय:</u><br>
१. एम्ब्रियो ब्याटमिन्टन क्लब, बेलबारी-०८, मोरङ (अध्यक्ष श्री जापान लिम्बू सहित ११ जना सदस्य)<br>
२. नेउपाने कूलवंश समाज नेपाल, बेलबारी-११, मोरङ (अध्यक्ष श्री वृष बहादुर नेउपाने सहित ११ जना सदस्य)</td></tr>
<tr><td>घ</td><td>संस्था खारेजी सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिका नगर कार्यपालिका कार्यालयको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट पेश भएका देहाय बमोजिमका संस्था दर्ता ऐन, २०७६ को दफा १४ बमोजिम आवश्यक प्रक्रिया पुरा गरेको भनी पेश भएको हुँदा उक्त संस्था खारेजी गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>
<u>देहाय:</u><br>
१. श्यामा श्यामा किर्तन समूह बेलबारी-०९, मोरङ (अध्यक्ष श्री दुर्गा सापकोटा सहित ११ जना सदस्य)</td></tr>
</table>

दिलप्रसाद राई
नगर प्रमुख

नितु थापा
नगर उपप्रमुख

बेलबारी नगरपालिका
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची - १

१४९औं कार्यपालिका बैठकको निर्णय नं. ४ सँग सम्बन्धित

| सि.नं. | नाम थर | क.सं.नं. | नियुक्ति मिति | बढुवा/स्तरवृद्धि/ तह वृद्धि/ मिति | समायोजन मिति | हालको पद/तह | पद/वृद्धि हुने तह | सेवा |
|---|---|---|---|---|---|---|---|---|
| १ | रमा गौतम | २१५१८८ | २०७२/११/०४ अ.हे.ब. सहायक चौथो तह | निर्णय मिति २०७८/११/१० जेष्ठता मितिः २०७७/११/०६ | २०७७/१२/३१ | सि.अ.हे.ब सहायक पाँचौं तह | सि.अ.हे.ब. छैठौं | स्वास्थ्य सेवा |
| २ | सुनिता चर्मकार | २१४७०८ | २०७२/१०/१५ अ.न.मी. सहायक चौथो तह | निर्णय मिति २०७८/११/१३ जेष्ठता मिति २०७७/१०/१५ | २०७६/०४/१६ | सि.अ.न.मी. सहायक पाँचौं तह | सि.अ.न.मी. छैठौं | स्वास्थ्य सेवा |
| ३ | कल्पना खनाल | २१४७१२ | २०७२/१०/२८ अ.न.मी. सहायक चौथो तह | निर्णय मिति २०७८/११/१३ जेष्ठता मिति २०७७/१०/२८ | २०७६/०४/१६ | सि.अ.न.मी. सहायक पाँचौं तह | सि.अ.न.मी. छैठौं | स्वास्थ्य सेवा |

निनु थापा
नगर उपप्रमुख

टिकाप्रसाद राई
नगर प्रमुख

## अनुसूची - २

**१४७ औं कार्यपालिका बैठकको निर्णय नं. ५ को ग सँग सम्बन्धित बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन, २०८३**

प्रस्तावनाः

बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले बेलबारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि संशोधन गरिएको छ ।

(१) कार्यविधिको नामः यस कार्यविधिको नाम " बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन, २०८३" रहेको छ ।

(२) कार्यविधि लागू हुनेः यो कार्यविधि बेलबारी नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

| क्र.सं. | भाग | दफा | मौजुदा व्यवस्था | संसोधित व्यवस्था | संशोधन गर्नु पर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | ५ | राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ। | राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ । एक पटकका लागि यस अघि प्रकाशन भएका राजपत्रहरुको समेत यसै व्यवस्था अनुरुप खण्ड मिलान गरी पुनः राजपत्र प्रकाशन गर्न सकिनेछ । | मौजुदा व्यवस्था स्पष्ट नभई राजपत्र प्रकाशमा समस्या उत्पन्न भई २०७४ मा प्रकाशन कानूनहरुको खण्ड उल्लेखमा समस्या भएको कारण | |
| २ | २ | ४ को अनूसूची २ | स्वस्तिक छापमा चुच्चे नक्सा नभएको, १ नं. प्रदेश रहेको | स्वस्तिक छापमा चुच्चे नक्सा राखे कोशी प्रदेश उल्लेख गर्ने | समसायिक सुधारको आवश्यकता भएको | |

दिलप्रसाद राई
नगर प्रमुख

नितु थापा
नगर उपप्रमुख

मिति २०८३/०४/०३ गते १४९औं कार्यपालिका बैठकको निर्णय

बेलबारी नगरपालिका
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची - ३

### १४९ औं कार्यपालिका बैठकको निर्णय नं. ६ सँग सम्बन्धित

बोलपत्र आह्वान अनुमोदन तथा स्वीकृत

| सि.न. | आयोजनाको नाम | जम्मा लागत अनुमान रकम रु. (मु.अ. कर र पि एस सहित ) | नगरपालिका बाट बिनियोजन भएको रकम | भारतीय राजदुतावास बाट बिनियोजन भएको रकम | प्रदेश समपुरक अनुदान अन्तर्गत बाट बिनियोजन भएको रकम | सङ्घीय सरकार समपुरक अन्तर्गत बाट बिनियोजन भएको रकम | सङ्घीय सरकार बिषेश अनुदान अन्तर्गत बाट बिनियोजन भएको रकम | शिक्षा क्षेत्र सङ्घीय सशर्त अन्तर्गत बाट बिनियोजन भएको रकम | नगरपालिका बाट थप गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Strengthening and Construction of the Jana Yuddha Pratisthan Building Belbari-02 Morang | २५,३८,६६४.२१ | २५,००,०००/- | | | | | | ३८,६६४.२१ | थप रकम सि.न. २४४ बाट |
| २ | Street Light Installation in Hatti Prabhit Arca Belbari -1 to 11 Morang | १,९९,९५,७३९.५१ | २,००,००,०००/- | | | | | | ०.०० | |
| ३ | Mabesi Livestock Market Development Project Belbari - 03 Morang | १,८७,५९,३५९.२९ | १,०५,००,०००/- | | | ७०,००,०००/- | | | १२,५९,३५९.२९ | थप रकम सि.न. २४४ बाट |
| ४ | Belbari Bahumukhi Campus Bhawan Nirma Belbari-03 Morang | ४,९८,०३,६१२.०९ | ५०,००,०००/- | ३,९६,६६,५९३.७० | | | | | ५१,३७,०१८.३९ | आगामी हिंउदे नगर सभाबाट बिनियोजन गर्ने गरी हाललाई बोलपत्र आवहान गर्ने |
| ५ | Janata madhimik Naksal ( Four Room (Two Story) School Building Construction) Belbar-01 Morang | ९८,४९,२०४.८८ | १०,००,०००/- | | | | | ५६,००,०००/- | ३२,४९,२०४.८८ | थप रकम सि.न. २४४ बाट |
| ६ | Kabir madhmik School Building Construction Belbari-02 Morang | ६०,७१,०७३.०२ | | | | | १,००,००,०००/- | | १९,५६,८४१.१४ | थप रकम सि.न. २४४ बाट |
| ७ | Birendra madhmik School FF Building Construction Belbari-06 Morang | ५८,८५,७६८.१२ | | | | | | | | |
| ८ | Janata Madhmik Radhanagar School FF Building Construction belbari-08 Morang | १,०६,५५,४२६.४४ | ४५,००,०००/- | | ३०,००,०००.०० | | | | ३१,५५,४२६.४४ | थप रकम सि.न. २४४ बाट |
| ९ | नहरको बाटो मर्मत | १९९७४२.६१ | - | | | | | | - | मर्मत संभार कोषबाट विनियोजन गर्ने |

मिति २०८३/०४/०३ गते १४९औं कार्यपालिका बैठकको निर्णय

नितु शर्मा
नगर उपप्रमुख

नगर प्रमुख